# प्रश्न नं. १५

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एल.एल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

## (कक्षा रोल्नं.१७०८ देखि १८२९ सम्मका विद्यार्थीहरुका लागी मात्र)

मदनलाल श्रेष्ठको जाहेरीले नेपाल सरकार
विरुद्ध
मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ४ बस्ने हरिशचन्द्रप्रसाद कर्माचार्य
**मुद्दा :** ज्यान सम्वन्धी कसूर

१. मिति २०७५।८।१ गते छोरीलाई कपडा छोटो र महंगो भयो भनी श्रीमतीले किचकिच गर्न थालिन, सोही निउँबाट श्रीमती मसँग झगडा गर्न थालिन, सोही निउँबाट मलाई बोतलले प्रहार गरिन र बोतलको प्रहारले मलाई २ पटक लाग्यो र मेरो छोरी समेत साथमा भएको हुँदा मैले छोरीलाई समाएँ, रिस उठ्यो, रिसको आवेगमा श्रीमतीको कपडाको सलले श्रीमतीको घाँटी कसी दिएँ, निज भुइमा लडिन, पानी ल्याई छर्कि सल फुकाई हेर्दा मरी सकिछिन, मृतकलाई घर भित्र कोठामा राखी ढोका बन्द गरी छोरीलाई लिएर दाजुलाई जिम्मा दिई पुनः घर गई ताला ल्याई लगाई घटनाको जाहेरी गर्न आएको छु भन्ने समेत व्यहोराको प्रतिवादी हरिशचन्दप्रसाद कर्माचार्यको जाहेरी दरखास्त ।
२. मेरो छोरी आफ्नो राजीखुशी साथ मकवानपुर जिल्ला, हेटैडा न.पा. वडा नं. ४ बस्ने हरिशचन्द्रप्रसाद कर्माचार्यसँग प्रेम विवाह गरी आएको थिइन र मेरो ज्वाई विदेश जानु भएको थियो, विदेशबाट फर्की आएपछि मेरो छोरीलाई पटक पटक यातनाहरु समेत दिने गर्थे भन्ने कुरा छोरीले मेरो घरमा आई पटक पटक भन्ने गर्थिन, मिति २०७५।८।१ गते ज्वाई हरिशचन्द्रले मेरो छोरीलाई कर्तव्य गरी मारेको हुँदा निजलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको मदन लाल श्रेष्ठको जाहेरी दरखास्त ।
३. मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ४ का स्थित पूर्व कृष्ण दुवाडीको घर, पश्चिम केशव बन्जाडेको घर, उत्तर झकप्रसाद कर्माचार्यको जग्गा, दक्षिण कच्ची बाटो यति चार किल्ला भित्र रहेको प्रतिवादी हरिशचन्द्रको घर भित्र मृतक रोमी भन्ने पदमा कर्माचार्यको लाश रहेको भन्ने समेत घटनास्थल चार किल्ला विवरण ।
४. मिति २०७४ साल माघ महिनामा मेरो भिनाजुको बुवा परलोक हुनु भएको थियो र सो समयमा म दिदीको घरमा आई बसेको थिएँ र भिनाजुको कहिलेकाही कलह भएको जस्तो अनुभ लाग्दथ्यो, मैले दिदी भिनाजुलाई किन यस्तो गर्नु हुन्छ भन्दा तिमी चुप लाग, हामीहरुको घरायसी कुरा हो भनी मलाई भन्थे, हाल आएर आफ्नो घर भित्र दिदीको मृत्यु भएको कुरा सुन्दा भिनाजुले नै कर्तव्य गरी मेरो दिदीलाई मारेको हुनुपर्छ भन्ने समेत व्यहोराको मृतकको बहिनी सुलोचना श्रेष्ठको कागज ।
५.मिति २०७५।७।३० गते मैले मेरो छोरी २० महिनाको थिइन, सो छोरीलाई कपडा किन्न भनी बजार गई कपडा किनी ल्याएको थिएँ, त्यो कपडा राम्रो नभएको र महंगो भएको भनि मेरो श्रीमतीले मलाई गाली गलौंज गरिन, मैले त्यसको प्रतिकार गरिन, भोलीपल्ट मिति २०७५।८।१ गते पुनः त्यो कपडा फिर्ता गरी अर्को कपडा ल्याएको थिएँ, सो समेत मन नपरेको भनी मेरो श्रीमतीले मलाई गाली गर्न थालिन, मैले केहि भनिन मलाई अघिल्लो दिनको बासी रोटी तताएर दिई, त्यो रोटी मैले नबोलिकन खाएँ र मेरो बेडमा गई ढल्के, सो पछि म भएको छेउमा आई श्रीमतीले माइत जान्छु भनी, छोरी छाड अनि जाउ भनें त्यसपछि मेरो श्रीमती र मेरो बीच वाद विवाद भयो, अं. दिनको ३ बजेको समयमा श्रीमतीले मलाई हुस्कीको खाली बोतलले म माथि प्रहार गरी सो बोतल नफुटेको कारण मलाई घाउँ चोट लागेन र मलाई यसरी प्रहार गर्दा छोरीलाई बेडमा राखी श्रीमतीको घाँटी लगाएकोले सलले फन्को पारी कसी तान्दा श्रीमती बेहोस भई भुईमा लडिन र मैले तुरुन्त पानी ल्याई पानी छर्की खुवाउन लाग्दा पानी खाइनन, हेर्दा मरि सकेको जस्तो लाग्यो र केही बेरपछि सोची चौकी टोल जाने बसपार्कमा जाने ट्याम्पो पार्कमा घरको ढोका लगाई आएँ, दाजु झुलेन्द्र कर्माचार्यसँग अचानक भेट भयो, छोरीलाई दाजुको जिम्मा दिएँ, दाजुले यसको आमा खोई भनी सोधे, मैले घरमा नै छ भनी पुनः घर फर्कि गएँ, साँझ पर्न लागेको थियो, घरबाट हिंडी जाहेरी साथ आफै हाजिर हुन आएको हो भन्ने समेत व्यहोराको प्रतिवादी हरिशचन्द्रप्रसाद कर्माचार्यको प्रहरीमा भएको बयान ।
६. मिति २०७५।८।१ गते बेलुका प्रहरी डोर घरबाला हरिशचन्द्रको घटनास्थल घर खोल्दा हरिशचन्द्रले आफनो श्रीमतीलाई कर्तव्य गरी मारी आफु सावित भई प्रहरीमा खवर गरी आफू समेत घटनास्थलमा आएको र निजले लोग्ने स्वास्नी र एक नावालक छोरी भएको घरमा आफनो श्रीमतीलाई मारी आफू दिनको ३।४ पटक ओहोर दोहोर गरेको देखिएको थियो, लाश हेर्दा निजकै कर्तव्यबाट मरेको हो भन्ने समेत व्यहोराको विश्वनाथ ढकालले गरी दिएको कागज ।
७. मिति २०७५।८।१ गते बेलुका प्रहरी तथा हरिशचन्द्र आई निजको बन्द रहेको ढोका खोली हेर्दा मैले निजको श्रीमती रोमी भन्ने पदमा कर्माचार्यको लाश देखेको हुँ सो घरमा लोग्ने स्वास्नी र नावालक वच्चा मात्र भएको, एकलो घरमा

# प्रश्न नं. १५

निज हरिशचन्द्रले आफ्नो श्रीमतीलाई कर्तव्य गरी प्रहरीमा आफू सावित हुन गएको हो भन्ने समेत व्यहोराको शिवराम मल्लले गरी दिएको कागज ।

८. निजहरुको हाम्रो गाउँ टोलमा त्यति घुलमेल थिएन, निजहरुको पारिवारिक स्थिति के कस्तो थियो सो मलाई थाहा छैन । मिति २०७५।८।१ गते प्रहरी तथा अभियुक्त हरिशचन्द्रप्रसाद कर्माचार्य आई निजको बन्द रहेको घरको ढोका खोली प्रहरीले हेर्दा मैले समेत लाश देखेको छु, लास हेर्दा हरिशचन्द्रले कर्तव्य गरी मारेको हुनुपर्छ भन्ने समेत व्यहोराको महेन्द्र विष्टको कागज ।

९. अभियुक्त हरिशचन्द्रप्रसाद कर्माचार्य र निजको श्रीमतीको म सँग मेरो घुलमेल थिएन, गाउँलेहरु सँग समेत थिएन, हरिशचन्द्र बैदेशिक रोजगारबाट आएपछि निजको र स्वास्नीको बीच भित्र भित्रै झैं झगडा गर्ने गरेको थियो भन्ने कुरा मैले सुनेको थिएँ, घटनाको दिन मिति २०७५।८।१ गते म आफ्नो पसलमा थिएँ, हरिशचन्द्र रिक्सामा ३।४ पटक ओहोर दोहोर गरेको थियो भन्ने कुरा मैले सुनेको थिएँ, देखेको थिएँ, मलाई केही भनेन, मिति २०७५।८।१ गते बेलुका अभियुक्तको साथमा प्रहरी डोरमा आई निजको घर कोठा बन्द खोली हेर्दा निजको श्रीमतीलाई मृतक अवस्थामा देखेको हुँ, श्रीमतीलाई कर्तव्य गरी मारी कोठा बन्द गरी बजार ओहर दोहोर गरेको हो भन्ने समेत व्यहोराको तारकवहादुर वस्नेतको कागज ।

१०.मिति २०७५।८।१ गतेको दिन अं. दिनको ११ बजेको समयमा बच्चा लिई मृतक पदमा मेरो घरमा आएकी थिइन, निजको अनुहार अन्ध्यारो थियो, खाना खानुभयो भनी मैले भन्दा छैन मलाई पनि खाना पकाउनुस भन्नु भयो, मेरो घरमा खाना खानु भयो, मेरो लोग्ने रिसाई रहनु भएको छ, जे परे पर्ला म घर जान्छु भनी घर गइन बेलुका घटनास्थलमा थुप्रै मानिसहरु जम्मा भएको कारण म समेत सो स्थानमा आई हेर्दा पदमा कर्माचार्यको लाश देखें, लाश हेर्दा निजलाई लोग्नेले कर्तव्य गरी मारेकोमा विश्वास लाग्यो, हरिशचन्द्रले पहिला पहिला पनि क्यासेट बजाएर कुट्ने गरेको थियो भन्ने समेत व्यहोराको सर्मिला लामाले गरी दिएको कागज ।

११.प्रतिवादी हरिशचन्द्रले घटना हुनु भन्दा अगाडि पनि आफ्नो श्रीमतीलाई बारम्बार पिट्ने गरेको र विगत ५ दिन अगाडि पनि घाँटी निचोरी निल डाम समेत बनाएको भनी निजले आफ्नो वेदना मलाई भन्थिन, घाँटी निचोरी निलडाम समेत बनाएको भनी भन्न र घटना घट्न गएकोले समेत हरिशचन्द्रले आफ्नो श्रीमतीलाई कर्तव्य गरी मारेकोमा पुरा विश्वास लाग्छ भन्ने समेत व्यहोराको कमला नेपालको  कागज ।

१२.प्रतिवादीले आफ्नो श्रीमतीलाई बेला बेलामा कुट्दै आएको र निजको श्रीमती एउटा सँग बोल्दा पनि कुट्ने गरेको थियो, निजले त्यस भन्दा अगाडि पनि कार्तिक २६ गतेमा पनि आफ्नो श्रीमतीलाई घाँटी निचोरी निलडाम समेत बनाएको थियो । निजको लोग्ने स्वास्नीको झगडाको कारण किन आफ्नो श्रीमतीलाई हरिशचन्द्रले मारे निजैले जानुन भन्ने समेत व्यहोराको सुभद्रा दवाडी समेतको कागज ।

१३.प्रतिवादी हरिशचन्द्रले आफनो श्रीमतीलाई कर्तव्य गरी मारी प्रहरीमा आफैं गएको हो, पहिला पहिला पनि निजले आफ्नो श्रीमतीलाई कुटपिट गर्ने गरेकाले कर्तव्य हरिशचन्द्रले गरेका हुन भन्ने समेत व्यहोराको दुर्गामाया तिमल्सिनाको कागज ।

१४.प्रतिवादी हरिशचन्द्रप्रसाद कर्माचार्यले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरितको कसूर अपराध गरेको हुँदा निजलाई ऐ. संहिताको दफा १७७(२) अनुसार जन्म कैदको सजाय हुन माग दावी भएको अभियोग दावी ।

१५.बच्चालाई मैले ल्याई दिएको कपडा महंगो भयो भनी श्रीमती म सँग झगडा गर्न थालिन, खाना किन नपकाएको भन्दा झन झगडा गर्न थालिन, म चुप लागेर आफनो बेडमा गएर सुतें, भोलिपल्ट विहान ६ बजे तिर उठी बच्चालाई चिया खुवाइन र मलाई चिया खान दिइन, विहान ७, ८ बजेको समयमा ३।४ पटक जति छिमेकी डेरा बस्ने काहाँ जाँदै आउँदै गरिन, त्यही समयपछि छोरीलाई मात्रै जाउलो बनाएर दिइन, अन्दाजी दिनको १ बजे तिर रोटी बनाई मलाई बोलाइन, रोटी खान म गएँ, रोटी खाई म बेडमा गएर पल्टिएँ, छोरी कराउन थालिन र बच्चालाई कपडा लगाउन थालिन, मैले कपडा किन लगाउन थालेको भन्दा माइत जान्छु भनिन, मैले बच्चा लिएर नजाउ, जाने भए तिमी मात्र जाउ भने, मलाई नाना थरिले गाली गर्न थालिन, बच्चालाई मैले काखमा राखें, आवेशमा आएर मलाई एक्कासी २ पटक सिसिले टाउकोमा हिर्काइन, त्यसपछि भुत भुताउँदै म मर्छु भन्दै गालामा आफ्नो हात लगी निचोरीन, आफुले लगाएको सलले घाँटीमा बेरिन र भुतभुताउँदै थिइन, म कोठाबाट वाहिर निस्किएँ, बाहिर हल कोठामा श्रीमती प्याक प्याक परेको देखे र सल फुकाई पानी ल्याएर छर्किए, एकछिन पछि उनको ज्यान गयो, मैले कर्तव्य गरी मारेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी हरिशचन्द्रप्रसाद कर्माचार्यको शुरु अदालतमा भएको वयान ।

१६.मकवानपुर जिल्ला अदालतको फैसला ।

१७.श्री उच्च अदालत पाटनको हेटौडा ईजलास समक्ष चढाएको पुनरावेदन पत्र ।